नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ४ ● अंक २६३ ● २०८३ साल भाद्र १३ गते शनिबार ● Saturday 29, August 2026 ● सूर्योदय: बिहान ०५:४१ बजे ● सूर्यास्त: साँझ ०६:२७ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:

9854028218
9802592799
9803474311
9817806395

## असई मृत भेटिए

**मधेशदृष्टि**
**वीरगंज।**
रसुवास्थित प्रहरी चौकी बेत्रावतीमा कार्यरत प्रहरी सहायक निरीक्षक (असई) रामकाजी पौडेल मृत भेटिएका छन्। तिब्बतबाट भोटेकोशीमा आएको बाढीमा परेका असई पौडेलको शव चितवनमा भेटिएको हो । नुवाकोट घर भएका ४३ वर्षीय पौडेलको शव फेला परेको जिल्ला प्रहरी कार्यालय चितवनमा डीएसपी चन्द्रभुषण यादवले बताए । जिल्ला अस्पताल चितवनमा पोस्टमार्टमपछि परिवारले उनको शव बुझेका छन् । चितवनमा फेला परेको अर्को एउटा शवको पनि सनाखत भएको छ । बाँकेको कोहलपुर घर भएका २३ वर्षीय कविलाल चौधरीको पहिचान खुलेको हो। कोहलपुर नगरपालिका–११ घर भएका चौधरीको शव पनि परिवारलाई जिम्मा लगाइएको डीएसपी यादवले जानकारी दिए।

## रसुवा बाढीले तान्यो विश्वको ध्यान

# विभिन्न देश र अन्तर्राष्ट्रिय निकायबाट सहयोग घोषणा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
तिब्बतबाट रसुवा हुँदै भोटेकोशी तथा त्रिशूली नदी क्षेत्रमा आएको विनाशकारी बाढीले नेपालमा ठूलो मानवीय र भौतिक क्षति पु¥याएसँगै अन्तर्राष्ट्रिय समुदायको समेत ध्यान तानेको छ। बाढीका कारण नेपालीसँगै विभिन्न देशका नागरिक प्रभावित तथा सम्पर्कविहीन भएपछि विश्वका शक्तिराष्ट्र, छिमेकी मुलुक र अन्तर्राष्ट्रिय मानवीय संस्थाहरूले खोज, उद्धार र राहतका लागि सहयोगको प्रतिबद्धता जनाएका छन्।

नेपाल पर्यटन बोर्डको पछिल्लो विवरणअनुसार बाढी प्रभावित क्षेत्रमा ६ सयभन्दा बढी पर्यटक सम्पर्कविहीन रहेका छन्। तीमध्ये ५१७ जना विदेशी नागरिक रहेको र बाँकी नेपाली पर्यटक तथा सहयोगी रहेको जनाइएको छ।

### • अमेरिकाको सहयोग प्रस्ताव

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नेपालमा आएको विपत्तिलाई अत्यन्तै क्रूर र असाधारण घटना बताएका छन् । ओभल अफिसमा पत्रकारहरूसँग कुरा गर्दै उनले बाढीले ठूला र बलिया संरचनासमेत बगाएको दृश्य अत्यन्तै भयावह रहेको टिप्पणी गरेका थिए।

उनले नेपालसँग अमेरिकाको राम्रो सम्बन्ध रहेको उल्लेख गर्दै आवश्यक पर्ने सबैखाले सहयोग उपलब्ध गराउन तयार रहेको बताएका छन् । अमेरिकी अधिकारीहरू नेपाल सरकारसँग सम्पर्कमा रहेको र प्रभावित क्षेत्रमा रहेका आफ्ना नागरिकको अवस्थाबारे जानकारी संकलन भइरहेको उनको भनाइ थियो।

ट्रम्पले प्रभावित क्षेत्रमा करिब ५० देखि ६० अमेरिकी नागरिक रहेको अनुमान गरिए पनि पूर्ण विवरण आउन बाँकी रहेको बताएका थिए । अमेरिकी विदेश मन्त्रालयले भने करिब ९० जना अमेरिकी नागरिक प्रभावित हुन सक्ने जनाएको छ। मन्त्रालयका अनुसार तीन जनाको उद्धार भइसकेको छ भने कुनै अमेरिकी नागरिकको मृत्यु भएको पुष्टि भएको छैन।

### • बेलायतबाट उद्धार र राहत सहयोगको प्रस्ताव

बेलायत सरकार तथा बेलायती राजपरिवारले बाढीप्रति गहिरो दुःख व्यक्त गर्दै प्रभावित क्षेत्रका नागरिकका लागि उद्धार, राहत तथा आर्थिक सहयोगको घोषणा गरेका छन्।

बेलायती प्रधानमन्त्री एन्डी बर्नमले सीमावर्ती क्षेत्रबाट आएका दृश्य अत्यन्तै हृदयविदारक रहेको बताएका छन् । प्राकृतिक विपत्तिमा बेलायती नागरिकसमेत प्रभावित भएको उल्लेख गर्दै उनले उनीहरूका परिवारप्रति समवेदना व्यक्त गरेका छन्।

बेलायतले प्रभावित क्षेत्रमा काउन्सुलर सहयोगका लागि कर्मचारी परिचालन गर्ने तथा आवश्यक परे आपत्कालीन उद्धार टोली पठाउने प्रस्ताव गरेको छ । उद्धार टोली परिचालनसम्बन्धी अन्तिम निर्णय भने नेपाल सरकारको सहमतिमा हुने बताइएको छ।

बेलायतले उद्धार र राहतका लागि ५ मिलियन पाउन्ड सहयोग प्रस्ताव गरेको जनाएको छ।

### • दक्षिण कोरियाको विशेष चासो

दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले आफ्ना नागरिक प्रभावित भएपछि आपत्कालीन बैठक बोलाएका छन्। नेपालका जलविद्युत् आयोजना निर्माणस्थलमा कार्यरत नौ जना दक्षिण कोरियाली नागरिक अझै सम्पर्कविहीन रहेको जनाइएको छ।

राष्ट्रपतिले नागरिकको जीवन र सुरक्षालाई सर्वोच्च प्राथमिकतामा राखेर सबै उपलब्ध स्रोतसाधन परिचालन गर्न निर्देशन दिएका छन्। उनले कूटनीतिक माध्यमलाई सक्रिय बनाउँदै नेपाल सरकारसँग निरन्तर समन्वय गर्न पनि सम्बन्धित निकायलाई निर्देशन दिएका छन्।

बैठकमा विदेश मन्त्रालय, भूमि, पूर्वाधार तथा यातायात मन्त्रालय, राष्ट्रिय अग्नि नियन्त्रण एजेन्सी, प्रहरी निकाय तथा नेपालस्थित दूतावासका प्रतिनिधिहरू सहभागी थिए।

दक्षिण कोरियाले प्रभावित क्षेत्रमा प्रतिक्रिया टोली पठाउने तयारी गर्नुका साथै थप विपद् राहत टोली र करिब १० लाख अमेरिकी डलर सहयोग उपलब्ध गराउने जनाएको छ।

### • भारतद्वारा मानवीय सहायता

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अगस्ट २६ मा नेपालका प्रधानमन्त्री बालेन्द्र शाहसँग टेलिफोन वार्ता गर्दै बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गरेका थिए।

मोदीले सामाजिक सञ्जालमार्फत कठिन परिस्थितिमा भारत नेपालका जनताको साथमा रहेको उल्लेख गर्दै आवश्यक मानवीय सहयोगका लागि भारत तयार रहेको बताएका छन्।

भारतको विदेश मन्त्रालयले सुरुमा २८८ जना भारतीय नागरिक सम्पर्कविहीन रहेको जानकारी दिएको थियो। पछि यो संख्या बढेर २९० पुगेको जनाएको छ । सम्पर्कविहीनमध्ये त्रिशूली–१ जलविद्युत् आयोजनामा कार्यरत ७३ जना कामदारसमेत रहेको बताइएको छ । प्रभावित हुनेमा तमिलनाडु, पश्चिम बंगाल र केरलाबाट आएका तीर्थयात्रीसमेत रहेका छन्।

भारतीय विदेशमन्त्री एस. जयशंकरले उच्चस्तरीय समीक्षा बैठक गरी प्रभावित क्षेत्रमा रहेका भारतीय नागरिकको खोजी तथा अवस्थाबारे जानकारी लिन विभिन्न निकायसँग समन्वय भइरहेको बताएका छन्।

विदेश मन्त्रालयका प्रवक्ता रन्धीर जयसवालले तमिलनाडुका २१ जना नागरिकको उद्धार भइसकेको जानकारी दिएका छन् । अन्य नागरिकको उद्धारसम्बन्धी विवरण पनि क्रमशः अद्यावधिक भइरहेको जनाइएको छ।

भारतले नेपालका लागि ५० टन मानवीय सहायता सामग्री पठाएको जनाएको छ । सहायता सामग्रीमा अस्थायी आश्रयका सामग्री, कम्बल, राहत किट, सौर्य बत्ती, औषधि तथा खाद्य सामग्री समावेश छन्।

भारतीय वायुसेनाका विमानमार्फत सहायता सामग्री काठमाडौं पु¥याइएको छ । काठमाडौंस्थित भारतीय दूतावासले नेपाल सरकारसँग निरन्तर समन्वय गर्दै हराएका भारतीय नागरिकको खोजीमा सक्रिय भूमिका निर्वाह गरिरहेको जनाएको छ। दूतावासले २४ घण्टे हेल्पलाइन र नियन्त्रण कक्षसमेत सञ्चालनमा ल्याएको छ।

### • संयुक्त राष्ट्रसंघ र मानवीय संस्थाको सक्रियता

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले नेपाल र चीनमा आएको भीषण बाढीबाट भएको मानवीय क्षतिप्रति गहिरो दुःख व्यक्त गरेका छन्।

उनले बाढीका कारण धेरै मानिसको ज्यान गएको, ठूलो संख्यामा मानिस बेपत्ता भएको र व्यापक विनाश भएको उल्लेख गर्दै पीडित परिवारप्रति समवेदना प्रकट गरेका छन्।

संयुक्त राष्ट्रसंघका विभिन्न निकाय र साझेदार

*बाँकी पृष्ठ ३ मा*

## मधेशका १० जना सम्पर्कमा

# अझै ११६ जना बेपत्ता



**मधेशदृष्टि**
**जनकपुरधाम।**
रसुवाको भोटेकोशी क्षेत्रमा आएको भीषण बाढीपछि सम्पर्कविहीन रहेका मधेश प्रदेशका १० जना परिवार तथा आफन्तको सम्पर्कमा आएका छन्। उनीहरू सम्पर्कमा आएसँगै अझै १ सय १६ जना सम्पर्कविहीन रहेको मधेश प्रदेश प्रहरीले जनाएको छ।

प्रदेश प्रहरी कार्यालयका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) प्रभुप्रसाद ढकालका अनुसार यसअघि सम्पर्कविहीनको सूचीमा रहेका १० जना आफन्तको सम्पर्कमा आएका हुन्। उनीहरूको पहिचान भने प्रहरीले सार्वजनिक गरेको छैन।

यसअघि प्रहरीले रसुवा बाढीपछि मधेश प्रदेशका १ सय २० पुरुष, पाँच महिला र एक बालक गरी कुल १ सय २६ जना सम्पर्कविहीन रहेको विवरण सार्वजनिक गरेको थियो। तीमध्ये सबैभन्दा बढी सप्तरीका ३१ जना रहेका थिए।

प्रहरीको विवरणअनुसार

*बाँकी पृष्ठ ३ मा*

# ४२ बेलिब्रिज बनाइदिन भारत र चीनलाई अपिल

**मधेशदृष्टि**
**वीरगंज।**
सरकारले बाढी प्रभावित क्षेत्रको आवतजावत सुचारु गर्न भारत र चीनलाई तत्काल ४२ वटा बेलिब्रिज बनाइदिन माग गरेको छ।

परराष्ट्र मन्त्रालय स्रोतका अनुसार दुवै देशलाई नेपाललाई तत्काल आवश्यक पर्ने बेलिब्रिजको संख्या उल्लेख गर्दै सहयोगको अनुरोध गरिएको छ । अहिले विदेशीले दिने सहयोगलाई विपत् प्राधिकरणको माग अनुसार लिने व्यवस्था मिलाइएको छ । प्राधिकरणले तत्काल आवतजावत सुचारु गर्न ४२ वटा पुलको आवश्यकता पर्ने आंकलन गरेपछि सरकारले दुवै देशलाई अनुरोध गरेको हो । भारतीय विदेश मन्त्रालयका प्रवक्त रणधीर जैसवालले बिहीबारै नियमित पत्रकार सम्मेलनमा नेपाललाई आवश्यक परेको बेलामा बेलिब्रिज लगायतमा सहयोग गर्ने बताएका थिए । रसुवा, नुवाकोट र धादिङमा बाढीले अधिकांस पुलहरू भत्काएको छ । त्यसका कारण मानिसहरू दुईतर्फी आवत जावत नै बन्द भएको छ।

नेपाल–चीन सीमा नजिकै तिब्बततर्फ थुनिएर खतरा बढाएको तालमा पानीको सतह घटेसँगै त्यसको ओभरफ्लो बन्द भएको छ । चिनियाँ सरकारी सञ्चारमाध्यम सीसीटीभीका अनुसार तालबाट पानी बाहिर बहने क्रम रोकिएर अवस्था केही सामान्य बन्दै गएपछि यसअघि उच्च जोखिमका कारण केही घण्टाका लागि स्थगित गरिएको उद्धार कार्य पुनः सुचारु गरिएको छ । यसले नेपालतर्फको तल्लो तटीय क्षेत्रमा केही राहत महसुस गराए पनि बाढी पूर्वानुमान महाशाखाले भने जोखिम पूर्ण रूपमा नटरेको भन्दै उच्च सतर्कता अपनाउन निरन्तर आग्रह गरिरहेको छ । विशेषगरी रसुवाको स्याफ्रुबेँसीदेखि मुग्लिनसम्मका त्रिशूली नदी किनारका बासिन्दाहरूलाई अर्को आधिकारिक सूचना जारी नभएसम्म सुरक्षित स्थानमै रहन विशेष अनुरोध गरिएको छ।

यसैगरी शिक्षामन्त्री तथा सरकारका प्रवक्ता सस्मित पोखरेलले भोटेकोशी बाढीका सम्बन्धमा सरकारले चीनसँग निरन्तर संवाद गरिरहेको बताएका छन् । उनका अनुसार, तत्काल ठूलो संकटको अवस्था नरहेको जानकारी चीनबाट प्राप्त भएको छ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री पोखरेलले तिब्बतमा निर्माण गरिएको कृत्रिम ताल फुटिनसकेको स्पष्ट पारे। उनले ग्लेसियरका केही भाग फुट्दा तथा पानी ओभरफ्लो हुँदा लेदोसहितको पानी आएको जानकारी प्राप्त भएको बताए। अहिले ठूलो जोखिमको अवस्था नरहे पनि सतर्क रहन आग्रह गरिएको मन्त्री पोखरेलको भनाइ छ।



सम्पादकीय

# भोटेकोशीको बाढीले पुऱ्याएको क्षति र परिपूरण

भोटेकोशी नदीमा आएको दोहोरो बाढीले सिन्धुपाल्चोक र आसपासको क्षेत्रमा पु¥याएको क्षतिले राज्यको पूर्वतयारी र विपद् व्यवस्थापन प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ। चिनियाँतर्फको ताल फुट्ने वा बाढी आउने खतराका पूर्वसूचना पाइए पनि त्यसको आधारमा तटीय क्षेत्रका बस्तीलाई समयमै सुरक्षित स्थानमा सार्न र प्रभावी सतर्कता अपनाउन नसक्दा उद्धार कार्यमा ठूलो कठिनाई उत्पन्न भएको छ। नदी किनारका बस्तीहरू उच्च जोखिममा रहेकाले बाढी आइसकेपछि मात्र उद्धारका लागि दौडिनुभन्दा विपद् आउनै नदिने वा जोखिम न्यूनीकरण गर्ने दूरदर्शी रणनीतिको अभाव प्रष्ट रूपमा देखिएको छ।

विपद्का बेला तत्काल उद्धार र राहत पु¥याउन राज्यका सुरक्षा निकाय र स्थानीय तहबीचको समन्वय अझै प्रभावकारी बन्न सकेको छैन। सडक सञ्जाल बिग्रने, सञ्चार सम्पर्क टुट्ने र मौसम प्रतिकूल हुने समस्याका कारण हेलिकप्टर वा अन्य माध्यमबाट समयमै उद्धार टोली पुग्न नसक्दा नागरिकहरूले ज्यानको बाजी लगाउनुपर्ने बाध्यता छ। यस्ता जटिल भौगोलिक र संवेदनशील क्षेत्रमा आपत्कालीन उद्धारका लागि अत्याधुनिक प्रविधि, पर्याप्त सुरक्षा उपकरण र प्रशिक्षित जनशक्ति सहितको स्थायी फौज तैनाथ राख्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ।

भौगोलिक रूपमा अति संवेदनशील भोटेकोशी करिडोर क्षेत्रमा भइरहेका अव्यवस्थित संरचना निर्माण, नदी किनारको अतिक्रमण र मनोमानी विकास निर्माणले विपद्को जोखिमलाई झनै बढाएको छ। प्राकृतिक बहावलाई मिचेर बनाइएका संरचना र जथाभाबी खनिएका सडकले बाढीको क्षतिलाई कैयौं गुना बढाउने काम गरेका छन्। त्यसैले, अब पनि यस्ता संवेदनशील क्षेत्रमा वैज्ञानिक अध्ययन बिना गरिने भौतिक निर्माणलाई पूर्ण रूपमा रोक नलगाउने हो भने बाढी र पहिरोको कहरबाट मुलुकले सधैं ठूलो मूल्य चुकाउनु पर्नेछ।

यो कहरबाट मुलुकलाई पार लगाउन सबैभन्दा पहिले छिमेकी मुलुकहरूसँगको सहकार्यमा नदीहरूको जलविज्ञान र मौसमसम्बन्धी पूर्वसूचना प्रणालीलाई थप भरपर्दो र वास्तविक समयमा आधारित बनाउनु अनिवार्य छ। नेपाल र चीनबीच सीमापार नदीहरूको तथ्याङ्क आदानप्रदान र आपत्कालीन चेतावनी प्रणालीलाई स्वचालित बनाइएमा तटीय क्षेत्रका बासिन्दाले सुरक्षित स्थानमा जाने पर्याप्त समय पाउनेछन्। यसका साथै, नदी बेसिन गुरुयोजना निर्माण गरी जोखिमयुक्त बस्तीहरूको दीर्घकालीन स्थानान्तरण र सुरक्षित आवासको व्यवस्था मिलाउनु नै यसको दीर्घकालीन समाधान हो।

अन्ततः विपद् व्यवस्थापनलाई कागजी योजना र घटनापछिको राहत वितरणमा मात्र सीमित नराखी यसलाई राष्ट्रिय सुरक्षा र प्राथमिकताको मुख्य विषय बनाउनु पर्दछ। संघीय, प्रदेश र स्थानीय सरकारबीच स्पष्ट कार्यविभाजन गरी जनसहभागितामा आधारित समुदायस्तरकै विपद् प्रतिकार्य समितिलाई सक्रिय तुल्याउनुपर्छ। दीर्घकालीन रूपमा वातावरणीय सन्तुलन कायम गर्दै नदी किनारका जोखिमपूर्ण बस्तीलाई सुरक्षित स्थानमा पुनस्थापना गर्न दृढ राजनीतिक इच्छाशक्ति र ठोस नीतिगत निर्णय आजको अपरिहार्य आवश्यकता हो।

# भौँतारिँदै भोटेकोशी बाढीसँगै हराएका आफन्तहरू

प्रकाश सिलवाल/ रासस

'सायद उनहरु रसुवागढी नाकाबाट अध्यागमन पार गरेर चीनतर्फ जाने तयारी हुनुहुनथ्यो। नाका पार गरेर चीनतर्फ पुग्नुभयो या भएन अहिलेसम्म केही थाहा छैन। यही भदौ ९ गते बुधबार गते बिहान ८ः१५ बजेयता कुनै सम्पर्क हुन सकेको छैन।'

आफ्ना ससुरा शशीभूषण यादव र सासु रीता रानीसहित १७ जनालाई आफैँले भदौ ८ गते मङ्गलबार साँझ तीर्थयात्राका लागि काठमाडौँको सोह्रखुट्टेबाट बस चढाएका इञ्जिनियर प्रदीप यादवले चिन्तित मुद्रामा भने, 'धेरैतिर सोधखोज गरिसकियो, कुनै जानकारी आएको छैन। घरपरिवारमा अन्योल र त्रास उत्पन्न भएको छ। भगवानसँग प्रार्थना गरिरहेका छौँ कि उनहरु सकुशल फर्कनु हुनेछ।'

सर्लाहीको सुखचयनाका दम्पत्ति शशिभूषण र रीतासहितको मानसरोवर तीर्थयात्रा हिँडेको १७ जनाको टोलीलाई लिएर जाने बसका चालक र सँगै गएका 'काठमाडौँ होलिडे टुर एन्ड ट्राभल्स'का प्रतिनिधिसँग पनि अहिलेसम्म सम्पर्क हुन सकेको छैन। तीर्थयात्रामा हिँडेको टोली मात्र होइन, अन्य कामका सिलसिलामा रसुवागढी पुगेका र भन्सार नाकामा रहेर भाग्न नसकेकाहरू पनि सम्पर्कविहीन हुन पुगेका छन्।

यही दःखद परिवेशमा आफ्नै गाडीमा रसुवागढी नाका पुगेका काठमाडौँको सुन्दरीजल, आलपोट निवासी वर्षीय अर्जुन नगरकोटी र लक्ष्मण श्रेष्ठ पनि बेपत्ता भएका छन्। चीनबाट सामान ल्याएर नेपालमा व्यवसाय गर्ने उनीहरूको पनि कुनै सम्पर्क स्थापित हुन सकेको छैन। आफ्ना बहिनीज्वाइँ अर्जुन नगरकोटीसँग तीन दिनदेखि सम्पर्क नहुँदा परिवारमा तनाव बढेको नगरकोटीका श्रीमतीका दिदी उर्मिला तण्डुकारले राससलाई बताइन्। 'समय जति बित्दै जान्छ, उति अन्योल र तनाव बढ्दै गएको छ। सोधखोज गर्नुपर्ने सबै ठाउँमा बुझिसकियो। कतैबाट सकारात्मक सन्देश आएको छैन,' लामो श्वास तान्दै तण्डुकारले भनिन्, 'के गर्ने, कसो गर्ने, बहिनीलाई कसरी सम्झाउने केही सोच्न सकिएको छैन।' आफूहरूलाई अहिले उनहरू कहाँ कस्तो अवस्थामा छन् भन्ने जानकारी मात्र ठूलै राहत मिल्ने अपेक्षा गर्नु र सकुशल घर फर्कनुहुन्छ भन्ने आशा राख्नुबाहेक अरू विकल्प नभएको उर्मिलाको भनाइ छ।

भारतीय पर्यटकलाई दिएर कैशाल मानसरोवर यात्रामा गएका चिकित्सकद्वय डा. आयुश अधिकारी र डा. कुशल आचार्य पनि बाढी आएकै दिनदेखि सम्पर्कविहीन छन्। उनीहरुको परिवारसँग अन्तिम सम्पर्क भदौ ९ गते बिहान ८ः४५ मा भएको र त्यसपछि कुनै सम्पर्क नभएको डा. आयुशका आमा शान्ता अधिकारीले बताइन्।

तीर्थयात्रामा हिँडेका काठमाडौँको चन्द्रागिरि नगरपालिका–७ का २३ वर्षीय श्रीकान्त कार्की पनि बाढी आएको दिनदेखि सम्पर्कविहीन भएकाले परिवारले खोजीका लागि पहल गरिदिन आग्रह गरेको छ। चीनको केरुङस्थित एक कार्यक्रमका लागि निस्किएका राससकर्मी कालिका खड्काका पति पत्रकार टेकराज थामी पनि हालसम्म सम्पर्कविहीन छन्। उनको खोजी र पहलका लागि नेपाल पत्रकार महासङ्घ, सम्बन्धित सञ्चारमाध्यम र परिवारले आफ्नोतर्फको पहललाई जारी राखेका छन्।

रसुवाको भोटेकोशी नदीमा आएको बाढीका कारण नुवाकोट र रसुवाको विभिन्न स्थानमा फसेका आफ्ना मान्छेको खोजीका लागि पहल गरिदिन प्रदीप यादव र तण्डकारजस्ता धेरै आफन्ताहरू नुवाकोटको विदुरस्थित श्री नं १ सैन्य तालिम केन्द्र परिसरमा बिहीबारदेखि नै हराएकाहरूको नाम र विवरण टिपाउन लाम लागेका छन्। ती आफन्तहरूले नेपाल र चीनका दुवैतिरका सम्बन्धित निकाय र सम्भावित सहज हुने केन्द्रहरूमा सम्पर्कविहीनहरुको बारेमा जानकारी लिने प्रयास गरिरहेका छन् तर आशाका सङ्केतहरू नभेटिंदा परिवारका सदस्यमा मन भारी हुनु स्वभाविकै हो।

रसुवा क्षेत्रबाट हराएको जनकपुरका अजय सिंहका श्रीमतीले सामाजिक सञ्जालबाट रुँदै 'न श्वास फेला परेको छ, न लास' भनेर बिलौना गरेको भिडियो सार्वजनिक भएको छ। गोसाइँकुण्ड तीर्थयात्रामा निस्किएका गोरखाको पालुङटार नगरपालिकाका सागर देवकोटासहित ३० जनाको टोलीसँग पनि हालसम्म सम्पर्क हुन सकेको छैन। पालुङटार नगरपालिकाले उनहरुको तस्बिरसहितको विवरण सार्वजनिक गरेर खोजीका लागि आग्रह गरेको छ। उनीहरु बुधबार बिहान ८ः५० बजे नुवाकोटाको लेन्देखोला आसपाबाट सम्पर्कविहीन भएको नगरपालिकाका प्रमुख विवस चिन्तन र उपप्रमुख वन्दना पाण्डेद्वारा जारी सूचनामा जनाइएको छ। भोटेकोशी नदीमा आएको अप्रत्याशित तथा अकल्पनीय बाढीका कारण तीर्थयात्रीहरूको अवस्था अज्ञात बनेपछि खोजी तथा उद्धारका लागि सम्बन्धित सुरक्षा निकाय, स्थानीय तह तथा सरोकारवाला निकायसँग आवश्यक समन्वय भइरहेको नगरपालिकाले जनाएको छ। सम्पर्कविहीन यात्रुहरूको खोजी तथा उद्धारका लागि निरन्तर समन्वय र सहकार्य भइरहेको भन्दै नगरपालिकाले आधिकारिक तथा प्रमाणित सूचना नियमितरूपमा सार्वजनिक गर्ने योजना बनाएको छ। संयोगवश तीर्थयात्रामै हिँडेको सो पालिकाको अर्को टोली भने रसुवाको धुन्चेमा रोकिएर सुरक्षित रहेको जानकारीले राहत मिलेको छ। नुवाकोटको विदुर नगरपालिकाका उपप्रमुख प्रभा बोगटीका अनुसार पालिकाको वडा नं ७ सोलेका ६० जना, सिपीटारका १० जना, वडा नं १० बेत्रावती र भैँसेका २० जना र वडा नं १ ढुङ्गोका ४० जना गरेर १ सय ४० जना हराइएको जानकारी प्राप्त भएको छ। बेपत्ताहरूको खोजीका लागि बाढीग्रस्त क्षेत्रमा स्थानीय तह आफैँ जान नसक्ने र केन्द्र सरकारबाट पनि ठोस रणनीति बनिनसकेको उपप्रमुख बोगटीको भनाइ छ।

रसुवाको उत्तरगया गाउँपालिकाका अध्यक्ष माधव अर्यालले हराएकाहरूको उद्धार र खोजीका लागि सरकारलाई आफूहरूले गरेको आग्रहअनुसार काम हुन नसक्दा शव सङ्कलन कार्य पनि हुन नसकेको गुनासो गरे। उनले भोटेकोशी नदीमा पुनः जलसतह बढ्ने र खतरा हुन सक्ने सूचना स्थानीयवासीमा त्रास उत्पन्न भएको बताए। सो गाउँपालिकाका कम्प्युटर इञ्जिनियर जनक आचार्य बाढी आउने पूर्वसूचनाको माइकिङ गर्दागर्दै बेपत्ता हुनु भई साँझ मृत फेला पर्नुभएको थियो।

आचार्यका आफन्त बाल अधिकारकर्मी तिलोत्तम पौडेलले आफूहरु रसुवा पुगेर ज्वाइँको अन्त्येष्टि गरिएको र भान्जाको सकुशल उद्धार गरिएको तर हराएका अन्य कर्मचारी र स्थानीयवासीको पत्तो नहुँदा गाउँमा त्रास देखिएको बताए। पुनः बाढी आउने सूचनाले खोज, उद्धारमा पनि असर परेको पौडेलको भनाइ छ।

सो केन्द्रमा अहिलेसम्म करिब पाँचभन्दा बढी हराएकाहरूको विवरण उपलब्ध गराइएको छ। केन्द्रमा नपुगी अन्य सम्पर्कका माध्यमबाट पनि उनीहरुको परिवार तथा आफन्तले सुरक्षा निकायलाई खोजतलासका लागि औपचारिक र अनौपचारिक रुपमा अनुरोध गरेका गर्यै छन्।

परिवारजनले तीर्थयात्री टोलीको तत्काल खोजी गरी उनीहरूको अवस्थाबारे जानकारी सार्वजनिक गर्न सम्बन्धित निकायसँग आग्रह गरिरहेका छन्। हराएकाहरूको मोबाइल सम्पर्क हुन नसकेपछि आफन्तहरू थप चिन्तित बनेका छन्। कतिपय आफन्तले रुँदै–चिच्याउँदै सामाजिक सञ्जालबाट हारगुहार गरिरहेका छन्। हराइरहेकाहरूको खोजी तथा अवस्थाबारे यथार्थ जानकारी लिन स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित निकायबीच समन्वय आवश्यक देखिएको आफन्तहरूको भनाइ छ।

विनाशकारी बाढीपछि बेपत्ता भएका नागरिकहरूको खोजी तथा शव व्यवस्थापन (रिकभरी) मा ढिलाइ भएको भन्दै जनस्तरबाट आइरहेको गुनासोलाई सम्बोधन गर्दै नेपाली सेनाले आफ्नो 'अपरेसन'लाई भने थप तीव्र बनाएको छ। शव सङ्कलन तथा खोजी कार्य ढिलो भन्दै उठेका गुनासोहरूलाई गम्भीरताका साथ लिँदै सेनाले विशेष टोली परिचालन गरी धमाधम शव सङ्कलन गरिरहेको छ।

बाढीले तल्लो तटीय क्षेत्रसम्म बगाएर ल्याएका शवहरूको खोजी तथा सङ्कलनका लागि रसुवादेखि चितवनसम्मको नदी तटीय क्षेत्रमा शुक्रबार थप एक हजार २०० सैनिक जनशक्ति परिचालन गरिएको जनाइएको छ। प्रधानमन्त्री वालेन्द्र शाहको सचिवालयका अनुसार नेपाली सेनाले प्रभावित क्षेत्रका साथै त्रिशूली र नारायणी नदी किनारका सम्भावित सम्पूर्ण स्थानहरूमा आफ्ना जनशक्तिलाई टोलीगत रूपमा खटाएर सङ्कलन कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि बढाएको छ।

यसअघि सेनाले प्रभावित नागरिकहरूको उद्धार, राहत तथा अस्थायी व्यवस्थापनका लागि एक हजार ६०० जनशक्ति खटाएको थियो। बाढी प्रभावित क्षेत्र तथा तटीय इलाकामा उद्धार, राहत र शव सङ्कलनका लागि परिचालन हुने नेपाली सेनाको कुल संख्या दुई हजार ८०० पुगेको जनाइएको छ।

भोटेकोशी नदीको तीव्र बहाव र कठिन भौगोलिक अवस्थाका बाबजुद पनि सैनिक टोलीले निरन्तर रूपमा शव फेला पार्ने र सङ्कलन गर्ने कार्यलाई अघि बढाइरहेको छ। खोज, उद्धार र राहतका लागि नेपाल प्रहरीले चार हजार २०० र सशस्त्र प्रहरी बलले एक हजार ८४५ सुरक्षाकर्मी परिचालित छन्। हालसम्म तीन हजार २५३ जनाको उद्धार गरिएको छ। उद्धारमा नेपाली सेनाको छ र निजी क्षेत्रका नौ गरी १५ हेलिकोप्टर परिचालन गरिएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पछिल्लो विवरणअनुसार बाढीबाट ९७७ सम्पर्कविहीन रहेका छन्। त्यसमध्ये नेपाल प्रहरीका २८, नेपाली सेनाका ४५, सशस्त्र प्रहरी बल नेपालका १३, रसुवागढी भन्सार कार्यालयका १५, अध्यागमन कार्यालयका चार, रसुवा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट प्राप्त १६१ र नुवाकोट जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट प्राप्त एक, मकवानपुर जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट प्राप्त ६६, सम्पर्कविहीन विदेशी नागरिक ५१७ र नेपाल घुम्न आएका विदेशमा बस्ने नेपाली १२७ जना रहेका छन्। नेपाली सेनासहित सुरक्षा निकायको समन्वयमा हालसम्म रसुवा, नुवाकोट, धादिङ, गोरखा, नवलपरासी पूर्व, नवलपरासी पश्चिम, तनहुँ र चितवनमा गरी ४६९ को शव सङ्कलन भइसकेको छ। प्राधिकरणले बेपत्ताहरूको विवरण सङ्कलन र खोजीका लागि एक प्रणाली सञ्चालनमा ल्याएको छ तर भीषण बाढीको भेलमा परेकाहरूको सहजै पत्ता लाग्न कठिन भइरहेको छ। विपद्को यस संवेदनशील अवस्थामा अपुष्ट सूचना, अफवाह वा अनुमानका आधारमा सामाजिक सञ्जालमा सामग्री सम्प्रेषण नगर्न तथा आधिकारिक निकायबाट प्राप्त प्रमाणित सूचना मात्र प्रकाशन तथा शेयर गर्न सरकार र पीडितका आफन्तहरूको आग्रह रहेको छ।

# भोटेकोशीको भेलः बगायो बस्ती, बढायो सन्त्रास

*'तेता के के हुँदैछ, यता बाढी पसेर*
*फेरि हामी दुःखीकै खायो मुटु कलेजो*
*हामी भयौँ बेघरबार, हामी भयौँ बेघरबार*
*चरी लैजा समाचार, हामी भयौँ बेघरबार...'*

प्रगति ढकाल/रासस

गायक अञ्जान बाबुको स्वरमा गुन्जिएको यो गीत अहिले गीत मात्रै रहेन, रसुवा, नुवाकोट, धादिङ र चितवनका नदी किनारमा बस्ने कैयौँ परिवारको पीडा बनेर गुञ्जिएको छ। केही दिनअघिसम्म सुन्दर देखिएको बस्ती बगरमा परिणत भएका छन्। कतिको ज्यान गयो। कति बेपत्ता छन् त कति घाइते भए। कसैको घर छैन, कसैको खेत अनि कतिको व्यवसाय गयो।

कतिपयले परिवारका आफ्ना मान्छे कहाँ छन् भन्ने खबरसमेत पाएका छैनन्। बुधबारको दिन आकाशबाट त्यस्तो ठूलो पानी परेको पनि थिएन। गाउँबस्तीमा बाढी आउला भन्ने कुनै सङ्केत नै भएन। बिहानीको समय दैनिक कामकाजमै मानिस व्यस्त थिए। कोही खाना खाँदै थिए, होला कोही स्कुल जाँदै थिए त कति अफिसको काममा व्यस्त हुन थालेका थिए। कोही खेतबारीको काम गरिरहेका थिए होलान् कति जना यात्रामा थिए।

पत्तै नभई भोटेकोशी नदी एक्कासी उर्लिएर आयो। सामान्य अवस्थामा बगिरहेको नदीको आवाज एकाएक भयावह बन्यो। पानीसँगै ढुङ्गा, माटो, काठ र भग्नावशेष बगेर आए। रसुवाको माथिल्लो तटीय क्षेत्रको नदी आसपासका बस्तीमा रहेका मानिसलाई सम्हालिन र सोच्नसमेत समय मिलेन।

वर्षौंको मेहनतले जोडेको सम्पत्ति केही मिनेटमै नदीको भेलमा मिसियो। नदी किनारमा रहेका सडक र पुलसमेत बाढीको बेगसँगै बगेर गए। अन्य ठूला भौतिक पूर्वाधार र यातायातका साधनलाई भेलले बगायो।

रसुवाको गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङ नुर्पु तामाङका लागि भोटेकोशी बाढीले ल्याएको विपद्को त्यो क्षण अझै पनि सपना जस्तै लागिरहेको छ। यति ठूलो विपद्ले गाउँबस्तीलाई यसरी तहसनहस बनाउला भन्ने उनले कल्पनासम्म गरेका थिएनन्। 'के–के भयो, भयो। अझै पनि अचम्म लागिरहेको छ। यस्तो महाविपद् आउला भनेर मैले कहिल्यै कल्पना गरेको थिइन। अहिले पनि यो सपना हो कि विपना जस्तो लागिरहन्छ,' राससँगको टेलिफोन वार्तामा उनी भन्छन्।

बाढीले उजाडिएको बस्तीमा उद्धार तथा राहतका लागि स्थानीय तहको टोली परिचालन भइरहेको छ तर जहाँ हे¥यो, त्यहीँ पीडा छ। कतै भग्नावशेष, कतै आफन्तको खोजीमा रहेका परिवार, कतै घरबार गुमाएका मानिस। विपद्पछिको त्यो कोलाहल र मानवीय पीडा सम्झँदा अध्यक्ष तामाङको मन भारी छ। 'बाढीले उजाडिएको बस्तीमा हामी उद्धारमा जुटिरहेका छौँ। यहाँको अवस्था र कोलाहल देख्नै सकिएको छैन। मन रोएको छ,' भावुक स्वरमा उनले भने। अहिले गाउँपालिकाको पहिलो प्राथमिकता घाइतेको उद्धार तथा उपचार, बेपत्ताको खोजी र जीवित रहेकालाई तत्काल राहत उपलब्ध गराउनु रहेको उनको भनाइ छ। तामाङले यति ठूलो विपद्को सामना गर्न स्थानीय तहको आफ्नै स्रोत, साधन र जनशक्ति पर्याप्त नभएको गुनासो गर्छन्। 'घाइतेको उद्धार गर्ने, बेपत्ताको खोजी गर्ने र बाँचेकालाई राहत उपलब्ध गराउने काममै लागिरहेका छौँ। तर यति ठूलो विपद्को प्रतिकार्य गर्न स्थानीय तहसँग मात्रै पर्याप्त क्षमता हुँदैन रहेछ,' अध्यक्ष तामाङ भन्छन्, 'यस्तो अवस्थामा सबै तहका सरकार, सुरक्षा निकाय र सहयोगी संस्थाको समन्वय झन् महत्वपूर्ण हुने रहेछ।' फेरि पनि यस्तै विपद् दोहोरिने हो कि भन्ने सन्त्रास रहेको उन बताउँछन्।

भोटेकोशी बाढीको खबर सञ्चारमाध्यम तथा सामाजिक सञ्जाल हुँदै एकाएक देशदेखि विदेशभर फैलियो। बाढीको भिडियो भाइरल बन्न थाले। भिडियोको दृश्यले सन्नाटा छायो। बाढी आएको देख्नेबित्तिकै मानिसहरू ज्यान जोगाउन दौडिएको देखिन्थ्यो। कोही बालबालिका बोकेर भागेका थिए। कोही वृद्ध आमाबुबालाई समातेर सुरक्षित स्थानतर्फ लाग्दै थिए। कतिलाई भाग्दाभाग्दै बगाएको देखिन्थ्यो। कतिले घरको छतमा आश्रय लिए, कसैले डाँडातिर भागेर ज्यान जोगाएको देखिन्थ्यो।

एक वर्षअघि पनि रसुवास्थित नेपाल–चीन सीमामा रहेको ल्हेन्दे खोलामा बाढी आएको थियो। उक्त बाढीका कारण चीन–नेपालका गरी अहिलेसम्म १९ जना बेपत्ता र सात जनाको मृत्यु भएको छ। फेरि सो स्थानमा नै यस वर्ष झन् ठूलो बाढीले तहसनसस बनाएर गयो।

**जलमापन केन्द्र बगाउँदा समस्या**

जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रअन्तर्गत बाढी पूर्वानुमान महाशाखाका बाढीविज्ञहरूलाई बुधबार बिहान अफिस आउनेबित्तिकै भोटेकोशीमा बाढी आएको भन्ने सूचनाले झस्कायो। खानी तथा भूगर्भ विभागबाट बिहान ८ बजेर ३७ मिनेट जाँदा चीनतर्फको हिमाली क्षेत्रमा ४.४ रेक्टर स्केलको भूकम्प गएको सूचना पनि आइसकेको थियो। त्यसको केही मिनेटपछि भोटेकोशी–स्याफ्रुबेंसी जलमापन केन्द्रलाई बाढीले बगाएपछि तथ्याङ्क आउन बन्द भयो।

महाशाखाको बाढीविद् सरस्वती विष्टका अनुसार बिहान ८:४० बजे प्राप्त अन्तिम तथ्याङ्कअनुसार भोटेकोशी नदीको जलसतह १ दशमलव ६२ मिटर मात्रै देखिएको थियो। केन्द्रमा सतर्कता तह छ मिटर र खतरा तह सात मिटर निर्धारण गरिएको छ। बिहान ९ बजेतिर फेरि जिल्ला प्रशासन कार्यालय, रसुवा तथा बेत्रावतीमा रहेका जलमापन केन्द्रका कर्मचारीमार्फत जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रलाई भोटेकोशी नदीमा तिब्बततर्फबाट ठूलो बाढी प्रवेश गर्न लागेको सूचना पुग्यो।

बाढी आएको जलमापन केन्द्रले सूचना नदेखाए पनि बाढीसम्बन्धी पूर्वसूचना सम्प्रेषण जतिसक्दो चाँडो सर्वसाधारणलाई पु¥याएर ज्यान जोगाउने काम भएको बताउँछन् विष्ट। 'हामीले हेर्दा नदीको अवस्था सामान्य जस्तै देखिन्थ्यो तर त्यसको केहीबेरमै घटनाक्रमले अप्रत्यासित मोड लिएछ। अनि सूचना पाएलगत्तै सम्भावित जोखिममा रहेका बस्तीलाई खबर गर्ने काम सुरु भयो,' उनी भन्छन्, 'अप्रत्यासित रुपमा आएको यो बाढीको पूर्वसूचना दिने समय नै कम भयो।'

विष्टका अनुसार उक्त दिन बिहान ९:१५ बजेतिर त्रिशूली नदीको तटीय क्षेत्र हुँदै मुग्लिनसम्मका बासिन्दालाई उच्च सतर्कता अपनाउँदै सुरक्षित स्थानमा जान आग्रह गरियो। रसुवा, नुवाकोट, धादिङ र चितवनका नदी आसपासका बासिन्दालाई प्रारम्भिक पूर्वसूचना एसएमएसमार्फत पठाइएको उनको भनाइ छ। त्यसको एक मिनेटपछि, ९:१६ बजे, नेपाल टेलिकम र एनसेलमार्फत त्रिशूली नदीको तटीय क्षेत्र तथा मुग्लिनसम्मका नागरिकलाई फेरि सतर्क गराइएको विष्टले जानकारी दिए।

**तटीय क्षेत्रका नागरिकलाई छ लाख ७९ हजार मोबाइल एसएमएस**

केन्द्रको बाढी पूर्वानुमान महाशाखाले भोटेकोशी तथा त्रिशूली नदीतटीय क्षेत्रका नागरिक बचाउन छ लाख ७९ हजार मोबाइल एसएमएस पठाएको जानकारी दिएको छ। केन्द्रका प्रवक्ता डा. राजन भट्टराईले नेपाल टेलिकम र एनसेलमार्फत छ लाख ७९ हजार २९५ एसएमएस पठाएर भोटेकोशी तथा त्रिशूली नदीतटीय क्षेत्रका नागरिकलाई चरणबद्ध रूपमा सुरक्षित स्थानमा जान अनुरोध गरिएको जानकारी दिए।

भोटेकोशी–त्रिशूलीमा आएको बाढीसम्बन्धी समयमै पुगेको पूर्वसूचनाका कारण धेरैको ज्यान जोगिएको बताउँछन्। धादिङस्थित नीलकण्ठ नगरपालिकाका प्रमुख भीमप्रसाद ढुङ्गाना। 'उपल्लो तटीय क्षेत्रमा बाढी गएको खबर पाउनासाथ हामीले पूर्वसूचना सबैतिर सम्प्रेषण ग¥यौँ। त्यसपछि धेरै मानिस अग्लो तथा सुरक्षित स्थानमा गएर ज्यान जोगाउन सफल भए,' नगरप्रमुख ढुङ्गाना भन्छन्।

नेपाल–चीन सीमा क्षेत्रमा हिम–चट्टान पहिरो जाँदा भोटेकोशी बाढी

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले स्याटेलाइट तस्बिरको विश्लेषणका आधारमा गरिएको प्रारम्भिक अध्ययनबाट नेपाल–चीन सीमा क्षेत्रमा हिम–चट्टान पहिरो गएको र त्यसका कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको प्रारम्भिक निष्कर्ष निकालेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीका अनुसार रसुवागढी नाकाबाट करिब २० किलोमिटर उत्तरपूर्व नेपाल–चीन सीमामा गएको हिम–चट्टान पहिरोका कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको र टिमुरे हुँदै उक्त बाढी त्रिशूली नदीमा मिसिएको प्रारम्भिक विश्लेषणबाट देखिएको बताए।

'स्याटेलाइट तस्बिरको प्रारम्भिक विश्लेषण गर्दा रसुवागढी नाकाबाट करिब २० किलोमिटर उत्तरपूर्व नेपाल–चीन सीमामा हिम–चट्टान पहिरो गएको देखिन्छ। त्यसकै कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको र टिमुरे हुँदै त्रिशूली नदीमा प्रवेश गरेको प्रारम्भिक अध्ययनबाट देखिएको छ,' प्राधिकरणका कार्यकारी प्रमुख डा उप्रेतीले भने। बाढीविद् विनोद पराजुलीले घटनाको कारणबारे थप स्पष्ट हुन सो क्षेत्रमा रहेका हिमताल, हिमनदी तथा समग्र हिम क्षेत्रको सूक्ष्म अध्ययन भइरहेको जानकारी दिए।

सतचालीस हिमतालको जोखिम कायमै

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को 'इन्भेन्टोरी अफ ग्ल्यासियर लेक्स इन द कोशी, गण्डकी एण्ड कर्णाली रिभर बेसिन्स अफ नेपाल एण्ड तिब्बत, चाइना' शीर्षकको अध्ययन प्रतिवेदनले नेपाल, भारत र चीनमा अवस्थित ४७ वटा हिमताल फुट्नसक्ने बताएको छ।

युएनडिपी र इसिमोडले संयुक्त रूपमा गरको उक्त अध्ययन प्रतिवेदनले नेपाल, भारत र चीनमा पर्ने ४७ हिमताल खतरायुक्त तहमा पुगेको उल्लेख छ। यी हिमताल जुनसुकै बेलामा पनि फुट्नसक्ने र नेपालले ठूलो धनजनको क्षति व्यहोर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ।

अध्ययनअनुसार यीमध्ये २५ वटा चीनमा, २१ नेपाल र एउटा भारतमा पर्छ। तीमध्ये केही अत्यन्त संवेदनशील मानिएका छन् जसले ठूलोमात्रामा जनधनको क्षति गराउने सम्भावना रहेको अध्ययनले देखाएको छ। प्रतिवेदनले जोखिममा रहेका हिमतालहरू फुट्दा नेपालले अर्बौंभन्दा बढी वित्तीय क्षति व्यहोर्नुपर्ने र ठूलो मानवीय क्षति पनि गर्नसक्ने उल्लेख गरेको छ। प्रतिवेदनले क्षति न्यूनीकरणका लागि आवश्यक पूर्वतयारीका कार्यक्रम तय गर्न पनि सुझाव दिएको छ।

विपद्का कारण पर्नसक्छ मानसिक स्वास्थ्यमा समस्या

अचानक आएको बाढी, आफन्त गुमाउनु, घरबारविहीन हुनु वा मृत्युको मुखबाट जोगिनुजस्ता कारणले मानिसको मानसिक स्वास्थ्यमा गहिरो असर पार्नसक्ने मनोचिकित्सकहरु बताउँछन्। पाटन मानसिक अस्पतालका वरिष्ठ मनोरोग विशेषज्ञ डा. वासुदेव कार्की भोटेकोशी बाढीजस्ता विपद्का कारण मानिसमा मनोवैज्ञानिक असर पर्नसक्ने बताउँछन्। 'बाढीका कारण घरबारविहीन हुँदा, आफन्त गुमाउँदा, घाइते भएर बाँच्नुपर्दा र फेरि पनि विपद् दोहोरिने हो कि भन्ने त्रासले मानसिक स्वास्थ्यमा प्रभाव पर्नसक्छ,' उनी भन्छन्, 'कसैमा सामान्य तनाव देखिन सक्छ भने कसैमा गम्भीर मानसिक समस्या पनि उत्पन्न हुनसक्छ।' डा. कार्कीले विपद्पछि देखिनसक्ने प्रमुख मनोवैज्ञानिक समस्यामा चिन्ता (एन्जाइटी) र डिप्रेसनमा पर्नसक्ने र लामो समयसम्म तनावमा रहँदा निद्रामा समस्या हुने, डर र बेचैनी बढ्ने, दैनिक काममा रुचि घट्ने तथा निरासा बढ्ने हुनसक्ने बताए। 'त्यसैले भोटेकोशी विपद् पीडितका सम्भावित मानसिक स्वास्थ्य समस्या निराकरण कसरी गर्न सकिन्छ भनेर हामीले छलफल गरिरहेका छौँ। उनहरुलाई निःशुल्क रुपमा परामर्शको दिनेगरी निःशुल्क हटलाइन सेवा '१११५' को व्यवस्था गरेका छौँ।'

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक रासस को नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# प्रेम, सद्भाव र समर्पणको पर्व राखी

गोपालप्रसाद बराल

**महोत्तरी।**
दाजुभाइ दिदीबहिनीबीचको प्रेम, सद्भाव र समर्पणको पर्व 'राखी' शुक्रबार बिहानैदेखि महोत्तरीसहित् प्राचीन मिथिला क्षेत्रमा चहलपहल बढेको छ। मिथिलानी (मिथिलाका नारी) दाजुभाइलाई लगाउने कार्यमा बिहानैदेखि व्यस्त छन्। जतातते राखी गीत गुञ्जिरहेका छन्।

*'आयल राखीक त्यौहार,*
*भाइ हमर लाओत् बहार।*
*बधबै भाइके प्रेमक डोरा स,*
*होतै सुखक इजहार।'*

(राखी पर्व आयो, मेरा भाइले खुसी ल्याउने छन्, म भाइलाई प्रेमको धागोले बाँध्नेछु, अनि खुसियालीको माहोल बन्नेछ) यसैगरी, कामविशेषले टाढा रहेका दाजुभाइलाई राखी सम्झाउँदै आउन नबिर्सन मिथिलानीको अपिल पनि गीतमा व्यक्त हुन्छ।

*'आयल साउनक सुदिन यौ भैया,*
*राखीमे जरुर अबै यौ*
*राखीक पावैन अलै यौ भैया,*
*कोनाक अहाँ बिसैर गेली यौ।'*

(साउनको सबैभन्दा राम्रो दिन आउँदैछ दाजु। राखी पर्वमा अवश्य आउनुहोला। पर्व आइसक्यो, तपाईंले कसरी बिर्सिरहनु भएको छ)।

राखी पर्वको मुख्य आकर्षण नै दाजुभाइ दिदीबहिनीबीच प्रगाढ प्रेम दर्शाउने भावका गीत हुन्। पर्व नजिकिएसँगै मिथिलानीले दाजुभाइलाई सम्झेका र त्यसको तयारीमा लागेका भावका गीत पनि बज्छन्। यस्ता गीत गुञ्जन थालेपछि राखी आउन लागेछ भन्ने जोसुकैले लख काट्छन्। गीतमा दिदीबहिनीको स्वरमा दाजुभाइको सौर्य बखान गरिएको हुन्छ। यी गीतले जोसुकैलाई दिदीबहिनीप्रति प्रेम र समर्पणको भाव जगाउने मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस) का प्राचार्य हेमनारायण कर्ण बताउँछन्।

साउन पूर्णिमाका दिन दिदीबहिनीले दाजुभाइका हातमा बाँध्ने कलात्मक धागोको डोरा पर्वको मुख्य विधि हो। यसै डोरालाई मिथिलामा 'राखी' भनिन्छ। पर्वको मुख्यपक्ष नै राखी बाँधिनु हो। यसैले यो पर्वको नाउँ नै 'राखी' प्रचलनमा आएको मिथिला लोक परम्पराकी जानकार सञ्चारकर्मी खुशु झाको भनाइ छ।



पर्व नजिकिँदै गर्दा मिथिला क्षेत्रका बस्तीबस्तीका हाटबजारमा रङ्गीबिरङ्गी राखी सजाएर बेच्न राखिएका हुन्छन्। मिथिलानीहरूको केही दिन पहिलेदेखि नै आफ्ना दाजुभाइका लागि कलात्मक राखी छानेर किन्ने गर्दछन्। पर्व नजिकिएसँगै मिथिलानी आफ्ना दाजुभाइको सोधखोज र खबर गर्न व्यस्त हुने गर्छन्। विवाहित मिथिलानी राखीका लागि दाजुभाइलाई घर आइदिन खबर गर्छन्। अविवाहित दिदीबहिनी आफ्ना दाजुभाइसँगै रहे पनि पर्वको निम्ता दिन भने चुक्दैनन्। 'म त आफ्नै गाउँमा छु, जनकपुरमा रहेका भाइलाई राखी बाँध्न आउन फोनबाट निम्ता गरिसकेको छु, अहिले आउँदैछन्,' महोत्तरी गाउँपालिका–६ गोरिगामाकी १९ वर्षीया कीर्ति महतो भन्छिन्। कीर्ति जस्ते अहिले सबै दिदीबहिनीहरु आफ्ना दाजुभाइलाई खबर गरिरहेका छन्। विवाह भएर गएका चेलीहरूले मोबाइल फोन र सञ्चारका अन्य साधनबाट आफ्ना दाजुभाइलाई राखी बाँध्न आउने निम्ता दिएका छन्।

'म त माइत जान भ्याइनँ, त्यसैले भाइलाई राखीका दिन आफ्नै घरमा डाकेकी छु,' बर्दिबास–१२ बिजलपुरा माइत भएकी भङ्गाहा–४ रामनगरकी बासिन्दा शुक्रबारादी महतो भन्छिन्, 'भाइले आउँदैछन्, उसलाई राम्रो राखी छानेर बजारबाट ल्याइसकेको छु।' पर्वमा दाजुभाइलाई राखी बाँधेपछि मिष्ठान्न परिकार खुवाउने चलन छ। पर्वमा दिदीबहिनीबाट निम्ता पाएपछि दाजुभाइहरु पनि बिहानैदेखि नजिक भए हिँडेर र टाढा भए आफ्नो सवारी वा भाडाका गाडीमा हिँडेको देखिन्छ। कतिपय त हिजै दिदीबहिनीको घरमा पुगिसकेका छन्। पर्वका दिन दिदीबहिनीको निम्ता मान्न पुग्न दाजुभाइ केही दिन पहिलेदेखि नै आआफ्नो कामबाट फुर्सद मिलाउने गर्दछन्। 'बहिनीको पटकपटक फोनपछि मलाई पनि कतिखेर बहिनीको घर पुगौँ भन्ने लागेको थियो,' भङ्गाहा–४ रामनगरका रामईश्वर ठाकुर भन्छन्, 'बहिनीका लागि नयाँ लुगा र दक्षिणा ठीक पारेको छु, पर्वको एक दिनअघि नै आइपुगेँ।'

बर्दिबास–२ की सङ्गिता सहनी भन्छिन्, 'पछिल्ला तीन÷चार दिनदेखि दिनहुँ दाजुलाई राखीमा आउन भनेकी थिएँ,' धनुषाको नगराइन माइती भएकी सहनी भन्छिन्, 'दाजु शुक्रबार बिहान आइ पुगेपछि निकै खुसी छु।' सहनीकी छिमेकी देउरानी पर्मिलाले पनि अहिले राखी पर्वले गर्दा दाजुभाइसँग भेट्ने हुटहुटी भएको बताइन्।

मैथिल यस पर्वलाई प्रेम र समर्पण भावसँग दाँज्छन्। दाजुभाइ तथा दिदीबहिनीबीच प्रेम, समर्पण र आपसी प्रगाढ सम्बन्धको अन्तर्निहित भाव यस पर्वको रहेको संस्कृतिविद् जलेश्वर–७ बखरीका बासिन्दा ८६ वर्षीय पूर्वप्रशासक महेश्वर राय बताउँछन्। 'राखी मिथिलाको विशिष्ट पर्व हो, यस पर्वले दाजुभाइ र दिदीबहिनीबीच कुनै असमझदारी बनेका रहेछन् भने पनि बिर्सन लगाउँछ,' राय भन्छन्, 'सबै चाडपर्वका खास सन्देश हुन्छन्, राखीको सन्देश दाजुभाइ, दिदीबहिनीबीच सधैँ सुमधुर सम्बन्धका लागि छ।'

दाजुभाइ दिदीबहिनीबीच कुनै कुराले दूरी बढेको रहेछ भने यो पर्व दुबैथरिको पर्खाइमा हुने रायको अनुभव छ। 'अब राखी पर्व आयो, दिदीबहिनीले सम्झन्छन् नै भन्ने दाजुभाइ ठान्छन्, यसैगरी सानोतिनो असमझदारी यही पर्वमा टुङ्ग्याइने दिदीबहिनीले मन बनाएका हुन्छन्,' राय भन्छन्, 'त्यसैले मिथिलामा यसलाई पारिवारिक सद्भावको मुख्य पर्व मानिएको छ।'

यो पर्वमा फरक संस्कृति परम्परा र धार्मिक रिवाज भएका बीच पनि राखी बाँध्ने, बधाउने चलन बाक्लै छ। इस्लाम परम्पराका चेलीले हिन्दूलाई दाजुभाइ मानेर र हिन्दू चेलीले इस्लाम परम्परा मान्नेलाई राखी बाँध्न निम्ता नै दिएर बोलाउने क्रम बढ्दै गएको देखिन्छ। पछिल्ला दिनमा यो पर्वको समाजमा हुने देखासिकी र पर्वको रमाइलो तथा आत्मीय पक्षको आकर्षणले महोत्तरी जिल्लाका इस्लाम धर्मावलम्बी युवाले हिन्दू महिलालाई दिदीबहिनी बनाएर र इस्लाम धर्मावलम्बी चेलीले हिन्दू युवालाई दाजुभाइ बनाएर राखी बाँध्ने व्यापक प्रचलन बढ्दै गएको सीतापुर बजारका अलजिरी वक्तालयका सञ्चालक मोहम्मद सहबुल अन्सारी बताउँछन्।

यसले सामाजिक तथा धार्मिक सद्भावसँगै दुःखसुखमा साथ उभिने संस्कृति निर्माणमा सघाउ पुग्याउने विश्वास गरिन्छ। 'यो पर्वले समाजलाई जोड्छ, सबैसँग सम्बन्ध बनाउँछ' बर्दिबास–९ पशुपतिनगरस्थित राष्ट्रिय माध्यमिक विद्यालय पशुपतिनगर बनरझुल्लाका प्रधानाध्यापक सूर्यनारायण दास भन्छन्, 'त्यसैले मिथिलाको यो खास पर्व बनेको छ।'

पर्वमा दिदीबहिनीबाट राखी बाँधेपछि दाजुभाइले वस्त्र आभूषण र नगद दक्षिणा दिने गर्छन्। दिदीबहिनीलाई यसअघिका दुःखसुख भुलाउँदै 'म तिमीहरूसँगै छु' भन्ने भावले सन्तुष्ट पार्नु दाजुभाइले आफ्नो कर्तव्य ठान्छन्। मिथिलामा दाजुभाइ÷दिदीबहिनीबीच आपसी प्रेम र समर्पणसँग जोडिएका अन्य पर्व पनि छन्। कात्तिक शुक्लपक्षको द्वितीया तिथिका दिन मनाइने भैयादूज र यसै पक्षको पञ्चमीदेखि पूर्णिमासम्म मनाइने सामाचकेवा पर्व दिदीबहिनीले दाजुभाइप्रति समर्पण भाव जनाउने मिथिलाका मुख्य पर्वमा पर्छन्।

पर्व विशेषमा राखीको कारोबार गर्ने व्यापारीको पनि व्यस्तता निकै बढेको छ। अहिले व्यापारी ग्राहकको नजरमा पर्ने आकर्षक राखीले पसल सजाइरहेका छन्। 'ग्राहकले कस्ता राखी मन पराउने हुन्?' भन्ने व्यापारीको हुटहुटी छ। 'अहिले थरिथरिका राखीको माग छ, हामीलाई ती समान जुटाउन भ्याइनभ्याइ छ' बर्दिबासको भोलावस्न्त चोकका पर्व विशेषका सामग्रीको पसल चलाउनुभएका श्यामकुमार महतोले असिनपसिनबीच नै भने।

अघि सत्ययुगमा तीनै लोक (स्वर्ग, मत्र्य र पाताल) को अधिपति दानवराज वलिलाई उनका बहिनी गङ्गा र यमुनाले युद्धमा जानुअघि विजयको कामना गर्दै हातमा रक्षाबन्धन बाँधिदिएको र युद्धमा वलिको जीत भएको सम्झनामा प्रत्येक वर्ष साउन शुक्ल पूर्णिमाका दिन दिदीबहिनीले आफ्ना दाजुभाइको सौर्य वृद्धिको कामना गर्दै राखी बाँधी दिने परम्परा बसेको मिथिला क्षेत्रमा जनविश्वास छ।

पर्व विशेषमा यसअघि केही मनोमालिन्य रहे पनि दिदीबहिनीले निम्ता गरेपछि दाजुभाइ राखी बाँध्न पुग्ने गर्नाले चेली र माइती पक्षबीच सम्बन्ध सुधारमा समेत पर्वको विशिष्ट भूमिका हुने गरेको जलेश्वर नगरपालिका–४ सुगाभवानीपट्टीका ८३ वर्षीय कृष्णचन्द्र झा बताउँछन्। पर्व विशेषमा दिदीबहिनी नहुने पुरुष र दाजुभाइ नहुने मिथिलानीले नजिकका नाता खोजेर राखी बाँध्ने, बँधाउने परम्परा रहेको यो सांस्कृतिक पर्वको महत्व झनै उजेलिएको छ। पर्वमा दाजुभाइ भेट हुन नसक्ने टुङ्गो भएपछि आफ्ना दाजुभाइको खाममा राखी राखेर हुलाक वा कुनै चिनजानको व्यक्तिमार्फत पठाउने चलन पनि बाक्लै देखिन्छ।

पहाडी क्षेत्रमा ब्राह्मण पुरोहितले शास्त्रोक्त विधिबाट अभिमन्त्रित डोरा यजमानलाई बाँधी दिने परम्परा भए पनि मिथिलामा भने मुख्य आकर्षण चाहिँ दिदीबहिनीकै हातबाट राखी बाँधिनु रहेको छ। विगतमा मिथिला क्षेत्रकै रैथाने बासिन्दामा मात्र प्रचलनमा रहेको यो पर्व आपसी सांस्कृतिक घुलमिलले अब हिन्दू धर्मावलम्बी पहाडी समुदाय मात्र नभई इस्लाम धर्मावलम्बीमा पनि बाक्लै प्रचलनमा आएको छ। रासस

# पोखरामा तीन शव पहिचान
# एउटा आफन्तलाई बुझाइयो

**कास्की।**
रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि विभिन्न स्थानमा फेला परेर पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ल्याइएका शवमध्ये शुक्रबार तीन जनाको पहिचान भएको छ। पहिचान भएकामध्ये एक जनाको शव आफन्तलाई बुझाइएको छ। नवलपरासीको सुस्ता गाउँपालिका–१ निवासी ३७ वर्षीय यादव भण्डारीको शव पहिचान भएको छ। रसुवाको टिमुरेस्थित अध्यागमन कार्यालयमा कार्यरत अधिकृत भण्डारीको शव उनका दाजु चुडामणि भण्डारीले पहिचान गरेकोसहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जिवी बरालले जानकारी दिए। यसैगरी, नवलपरासीको देवचुली क्षेत्रमा फेला परेर प्रतिष्ठान ल्याइएको शव अर्घाखाँचीको पाणिनी गाउँपालिका–७ निवासी ४७ वर्षीय नारायण थापाको रहेको पहिचान भएको छ। उन रसुवाको बेत्रावतीस्थित नीलकण्ठ माध्यमिक विद्यालयमा अध्यापनरत रहेको जनाइएको छ। उनको शव श्रीमती कमला थापाले पहिचान गरेको प्रशासनले जनाएको छ। त्यसैगरी, धादिङ जिल्लामा फेला परेर पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ल्याइएको शवमध्ये भक्तपुर नगरपालिका–९ निवासी ३६ वर्षीय सत्यसुन्दर प्रजापतिको शव पहिचान भएको छ। उनको शव भाइ सत्यकृष्ण प्रजापतिले पहिचान गरेपछि आफन्तलाई हस्तान्तरण गरिएको सहायक प्रमुख जिल्ला अधिकारी बरालले जानकारी दिए। रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि धादिङ, गोरखा, तनहुँ र नवलपरासीस्थित त्रिशूली तथा नारायणी नदी किनारामा फेला परेका १ सय २ शव परीक्षणका लागि पोखरा ल्याइएको थियो। फेला परेका शवको पहिचान तथा आवश्यक कानुनी प्रक्रिया निरन्तर जारी रहेको प्रशासनले जनाएको छ। शुक्रबार साँझसम्म ५७ शवको औँठाछाप परीक्षण (फिङ्गरप्रिन्ट) तथा सरसफाइ गरिएको छ भने ११ शवको पोस्टमार्टम सम्पन्न भएको बताइएको छ। शवहरूको पहिचानकार्य पनि निरन्तर भइरहेको सहायक प्रजिअ बरालले जानकारी दिए। बाढीपछि विभिन्न स्थानमा भेटिएका शव यहाँ ल्याइएपछि सम्पर्कविहीन व्यक्तिका आफन्त तथा परिवारजन पहिचानका लागि पोखरा आएका छन्। उनीहरूलाई यहाँ निःशुल्क खानेबस्ने प्रबन्ध गरिएको प्रशासनले जनाएको छ। रासस

# निःशुल्क आँखा शिविर सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जगरनाथपुर गाउँपालिका–३ स्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, खलुवडीमा सम्पन्न निःशुल्क आँखा शिविरबाट १ सय ७ जना लाभान्वित भएका छन्।

दाइजो एवं सामाजिक कुरीति विरुद्ध जागरण मञ्चको आयोजना तथा वीरगंज सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिएको हो। मञ्चका अध्यक्ष बृजेश्वर प्रसाद चौधरीको अध्यक्षतामा सम्पन्न शिविरमा स्थानीय सर्वसाधारणको निःशुल्क आँखा परीक्षण गरिएको थियो। शिविरमा कुल १ सय ७ जनाको आँखा परीक्षण गरिएकोमा ३३ जनामा मोतियाबिन्दुको समस्या पहिचान भएको शिविर संयोजक राजेश चौधरीले जानकारी दिए। तीमध्ये १८ जनालाई आवश्यक औषधि तथा आँखा ड्रप उपलब्ध गराइएको छ। बाँकी मोतियाबिन्दुका बिरामीलाई भदौ १३ गते शनिबार वीरगंज सामुदायिक आँखा अस्पतालमा लगेर पूर्ण रूपमा निःशुल्क शल्यक्रिया गरिने संयोजक चौधरीले जानकारी दिए।

शिविरमा समाजसेवी घनञ्जय यादव, शरफुद्दीन राउत गद्दी, शुभनारायण यादव, अनिरुद्ध राउत गद्दीलगायतको उपस्थिति रहेको थियो।

# अनधिकृत आर्थिक संकलन रोक्न ध्यानाकर्षण

**मधेशदृष्टि**
**वीरगंज।**
रसुवाको भोटेकोशी बाढी पीडितहरूको राहत तथा पुनस्थापनाका नाममा भइरहेको अनधिकृत आर्थिक संकलनप्रति प्रधानमन्त्री सचिवालयले गम्भीर ध्यानाकर्षण गराउँदै नागरिकहरूलाई उच्च सजगता अपनाउन अपिल गरेको छ। पछिल्लो समय बाढी प्रभावित क्षेत्रका लागि विभिन्न व्यक्ति, समूह तथा संस्थाहरूले व्यक्तिगत खाता नम्बर र अनधिकृत क्यूआर कोडमार्फत रकम संकलन गरिरहेको पाइएपछि सचिवालयले यस्तो आग्रह गरेको हो। संकलित सहयोग रकमको पारदर्शी उपयोग, सही व्यवस्थापन तथा आम सर्वसाधारणलाई सम्भावित वित्तीय ठगीबाट जोगाउनका लागि सरकारद्वारा आधिकारिक रूपमा सार्वजनिक गरिएका बैंक खाता र क्यूआर कोडमा मात्र आर्थिक सहयोग पुऱ्याउन प्रधानमन्त्री सचिवालयले सबैमा जोडदार अनुरोध गरेको छ।

# बाढीको असरमा भारतमा देखिन सुरु

**मधेशदृष्टि**
**वीरगंज।**
रसुवाको भोटेकोशी नदीमा आएको बाढीको असर छिमेकी मुलुक भारतको सीमावर्ती क्षेत्रमा पनि देखिन थालेको छ। उत्तर प्रदेशको महाराजगञ्जमा गण्डक (नारायणी) नदीबाट चार र कुशीनगरमा तीन जना गरी सात जनाको शव फेला परेको बीबीसी हिन्दीले जनाएको छ। जसमा पाँच महिला र दुई पुरुषका शव छन्। 'नेपालमा आएको भीषण बाढीका दौरान नदीमा बगेका शवहरू तीव्र बहावका साथ भारततर्फ आएको आशंका गरिएको छ,' समाचारमा भनिएको छ। सशस्त्र सीमा बल (एसएसबी) को उद्धार टोलीले नदीमा निगरानीका दौरान शवहरू बग्दै गरेको देखेको बताइएको छ। उद्धार टोलीले मोटरबोटको सहायतामा ती शवहरू नदीबाट बाहिर निकालेको समाचारमा उल्लेख छ।

# ५५३ शव फेला

**मधेशदृष्टि**
**वीरगंज।**
रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण शुक्रबार साँझ ५ बजेसम्म ५ सय ५३ जनाको शव फेला परेको छ। नेपाल प्रहरीका अनुसार फेला परेका शवमध्ये रसुवामा १३, नुवाकोटमा ३८, धादिङमा ४०, चितवनमा २ सय २२, गोरखामा ४७, तनहुँमा ३१, नवलपरासी पूर्वमा १ सय ३४र नवलपरासी पश्चिममा २८ छ।

बाढीपछि भोटेकोशी हुँदै त्रिशूली नदीको तटीय क्षेत्रमा ठूलो जनधनको क्षति भएको छ। बाढीले रसुवासहित नुवाकोट, धादिङ, गोरखा, चितवन, तनहुँ तथा नवलपरासीका विभिन्न क्षेत्रमा असर पुऱ्याएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ९ सय ७७ जना अझै सम्पर्कविहीन रहेका छन्। यसअघि शुक्रबार दिउँसोसम्म १ हजार ४ सय ७३ जनाको उद्धार गरिएको विवरण सार्वजनिक भएको थियो। उद्धार तथा खोजी कार्यका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनासहितका सुरक्षा निकाय परिचालन भएका छन्। नेपाल प्रहरीले मात्रै बाढी प्रभावित क्षेत्रमा ४ हजारभन्दा बढी जनशक्ति परिचालन गरेको जनाएको छ। बाढीमा बेपत्ता भएकाहरूको खोजीका लागि नदी तटीय क्षेत्र, खोला तथा आसपासका बस्तीमा खोजी अभियान जारी छ। विभिन्न स्थानमा भेटिएका पहिचान नखुलेका शवको विवरणसमेत प्रहरीले सार्वजनिक गर्दै आएको छ। यसैगरी, बाढीका कारण अवरुद्ध भएका सडक तथा बाटो खुलाउने, जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने तथा स्थानीयवासी र विभिन्न निकायको समन्वयमा राहत तथा उद्धार कार्यलाई निरन्तरता दिइएको प्रहरीले जनाएको छ। बाढीबाट प्रभावित तथा सम्पर्कविहीन व्यक्तिका परिवारजनलाई खोजी कार्यमा सहयोग गर्न र प्राप्त सूचनाका आधारमा सम्बन्धित निकायसँग समन्वय गर्नसमेत आग्रह गरिएको छ।

# मधेशका १० जना सम्पर्कमा...

सम्पर्कविहीन हुनेमा पर्साका २८, बाराका १९, रौतहटका १५, सर्लाही र महोत्तरीका १०–१०, सिरहाका ८ तथा धनुषाका ५ जना रहेका थिए।

घरपरिवार तथा आफन्तले प्रहरीमा दिएको निवेदन र फोनमार्फत उपलब्ध गराएको विवरणका आधारमा सम्पर्कविहीन व्यक्तिहरूको प्रारम्भिक तथ्यांक तयार पारिएको एसएसपी ढकालले जानकारी दिए। प्रहरीका अनुसार सम्पर्कविहीनमध्ये ९१ जनाको बेपत्ता भएको स्थान 'रसुवा' मात्र उल्लेख गरिएको छ। अन्य व्यक्तिहरू रसुवाका विभिन्न जलविद्युत आयोजना, नुवाकोटको बेत्रावती, त्रिशूली बजारलगायतका क्षेत्रमा काम वा व्यवसायका सिलसिलामा पुगेका थिए। सम्पर्कविहीनको विवरणमा केही व्यक्ति अपर त्रिशूली, त्रिशूली हाइड्रोपावर र मौलुङ हाइड्रोपावरलगायतका आयोजनासँग सम्बन्धित रहेको पनि प्रहरीले जनाएको छ। भोटेकोशीमा आएको विनाशकारी बाढीपछि विभिन्न क्षेत्रमा सम्पर्कविहीन भएका व्यक्तिहरूको खोजी तथा अवस्थाको पहिचान गर्ने काम जारी रहेको प्रहरीले जनाएको छ। परिवार तथा आफन्तबाट प्राप्त हुने नयाँ सूचनाका आधारमा सम्पर्कविहीनको विवरण निरन्तर अद्यावधिक गरिँदै आएको छ।

# रसुवा बाढीले तान्यो विश्वको...

संस्थाहरूले आपत्कालीन सामग्री तथा जनशक्ति परिचालन गरिरहेको जनाइएको छ। संयुक्त राष्ट्रसंघको मानवीय मामिला समन्वय कार्यालयका प्रमुख टम फ्लेचरले बाढीलाई भयावह विपत्ति बताउँदै केन्द्रीय आपत्कालीन प्रतिक्रिया कोषबाट २० लाख अमेरिकी डलर विनियोजन गरिएको जानकारी दिएका छन्।

विश्व स्वास्थ्य संगठनले १० हजार मानिसलाई तीन महिनासम्म आधारभूत स्वास्थ्य सेवा दिन सक्ने चिकित्सा सामग्री पठाएको जनाएको छ।

विश्व खाद्य कार्यक्रम र युनिसेफले पनि राहत सामग्री तयारी अवस्थामा राखेका छन्।

अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट संघले आपत्कालीन कोषबाट १० लाख स्विस फ्रयांक नेपाल रेडक्रस सोसाइटीलाई सहयोग गर्ने जनाएको छ। रेडक्रसका नेपाल प्रतिनिधि डेभिड फिशरले प्रभावित समुदायसम्म तत्काल पुगेर घर गुमाएका, घाइते भएका तथा सम्पर्कविहीन व्यक्तिका परिवारलाई सहयोग गर्नु अहिलेको प्रमुख प्राथमिकता रहेको बताएका छन्।

- **चीनमा उच्चस्तरीय निर्देशन**

चीनका राष्ट्रपति सी जिनपिङले बाढी तथा पहिरोमा बेपत्ता भएकाहरूको खोजी र उद्धारका लागि सम्पूर्ण क्षमता परिचालन गर्न निर्देशन दिएका छन्। उनले वैज्ञानिक र प्रभावकारी ढंगले उद्धार सञ्चालन गर्न तथा दोस्रो चरणका सम्भावित विपत्तिबाट बच्न विशेष सतर्कता अपनाउन आग्रह गरेका छन्।

चिनियाँ प्रधानमन्त्री ली चियाङले पनि उद्धार कार्य तीव्र बनाउन निर्देशन दिएका थिए। उनी पछि तिब्बतको प्रभावित क्षेत्रमा पुगेर उद्धार तथा राहत कार्यको निरीक्षण गरेका थिए। उपप्रधानमन्त्री झाङ ग्वोचिङ पनि प्रभावित क्षेत्रमा पुगेका थिए।

- **अस्ट्रेलिया र युरोपेली संघको सहयोग**

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीजले बाढीबाट प्रभावित भएकाप्रति गहिरो सहानुभूति व्यक्त गर्दै प्रभावित क्षेत्रमा रहेका अस्ट्रेलियाली नागरिकको अवस्थाबारे जानकारी लिन अधिकारीहरू सक्रिय रहेको बताएका छन्।

अस्ट्रेलियाले स्थानीय निकाय तथा भ्रमण सञ्चालकसँग समन्वय गरी आफ्ना नागरिकलाई कन्सुलर सहयोग उपलब्ध गराउने जनाएको छ। बाढी प्रभावित क्षेत्रमा करिब ३५ जना अस्ट्रेलियाली नागरिक सम्पर्कविहीन रहेको बताइएको छ। अस्ट्रेलियाले राहतका लागि ५० लाख अस्ट्रेलियाली डलर सहयोग गर्ने घोषणा गरेको छ।

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डर लेयेनले पनि नेपाललाई थप सहयोग परिचालन गर्न युरोपेली संघ तयार रहेको बताएकी छन्। युरोपेली संघले कोपर्निकस उपग्रह प्रणालीमार्फत बाढी प्रभावित क्षेत्रको नक्साङ्कन र अवस्थाको विश्लेषणमा सहयोग गरेको जनाइएको छ।

- **अन्य देशको पनि सहयोग घोषणा**

श्रीलंकाले नेपालका लागि १० लाख अमेरिकी डलर मानवीय सहयोग घोषणा गरेको छ। राष्ट्रपति अनुरा कुमार दिसानायकले बाढीबाट प्रभावित नेपाली जनताप्रति गहिरो दुःख व्यक्त गरेका छन्।

स्विट्जरल्याण्डले पनि कम्तीमा १० लाख अमेरिकी डलर बराबरको सहयोग घोषणा गरेको छ। जर्मनीका चान्सलर फ्रिड्रिच मर्जले घटनाप्रति गहिरो चिन्ता व्यक्त गर्दै पीडित तथा उनीहरूका परिवारप्रति समवेदना जनाएका छन्।

भ्याटिकनले पोप लियो चौधौंले बाढीबाट भएको मृत्यु र व्यापक विनाशप्रति दुःख व्यक्त गर्दै नेपालप्रति समवेदना पठाएको जनाएको छ।

- **विश्व बैंकबाट आपत्कालीन सहयोगको तयारी**

विश्व बैंकले नेपाललाई आपत्कालीन सहयोगस्वरूप २५ अर्ब रुपैयाँसम्म परिचालन गर्न सकिने जनाएको छ।

भारत, चीन र अमेरिकासहित विभिन्न देश तथा निकायबाट नेपालको राहत कोषमा करिब २२९ मिलियन अमेरिकी डलर बराबरको सहयोग प्रतिबद्धता आएको उल्लेख गरिएको छ।

नेपाल सरकारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमार्फत एकद्वार प्रणाली लागू गर्दै अन्तर्राष्ट्रिय तथा आन्तरिक सहयोगलाई व्यवस्थित गर्ने तयारी गरेको छ। यस प्रणालीमार्फत प्राप्त सहयोगलाई प्रभावित क्षेत्रमा प्रभावकारी र समन्यायात्मक ढंगले परिचालन गर्ने सरकारको लक्ष्य छ।

रसुवा क्षेत्रमा आएको विनाशकारी बाढीले नेपालको मानवीय संकटलाई अन्तर्राष्ट्रिय सरोकारको विषय बनाएको छ। विभिन्न देशका नागरिकसमेत प्रभावित भएपछि विश्व समुदायले खोज, उद्धार, राहत र पुनःस्थापनामा सहकार्यको प्रतिबद्धता जनाइरहेका छन्। यद्यपि प्रभावित तथा सम्पर्कविहीन व्यक्तिको वास्तविक अवस्था पत्ता लगाउने र उद्धार कार्यलाई तीव्र बनाउने चुनौती अझै कायम रहेको छ।



**बाध्यताः** २८ अगस्ट २०२६ (शुक्रबार) मा नेपालको नुवाकोट जिल्लास्थित देवीघाटमा आएको आकस्मिक बाढीपछि एक महिला बाक्लो हिलोले पुरिएको आफ्नो घरबाट सामान निकाल्दै छिन् । नेपाल र तिब्बतबीचको सीमा क्षेत्रमा सुनामीजस्तै विशाल जलप्रवाहले बाटो बनाउँदै सम्पूर्ण गाउँहरू बगाएर लैजाँदा १ हजार ४ सय भन्दा बढी मानिस बेपत्ता भएका छन् र कम्तीमा ५ सय ५२ जनाको मृत्यु भएको छ। तस्बिरः मनन वात्स्यायन/एएफपी

# मधेशमा ७६ लेखा अधिकृत तथा लेखापालको सरुवा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले लामो समयदेखि एउटै कार्यालयमा कार्यरत लेखा समूहका ७६ जना लेखा अधिकृत तथा लेखापालको सरुवा गरेको छ।

प्रदेशको वित्तीय प्रशासनमा पारदर्शिता र आर्थिक सुशासन कायम गर्ने उद्देश्यले अर्थ मन्त्रालयले उनीहरूको सरुवा गरेको जनाएको छ।

मन्त्रालयका अनुसार दुई वर्षभन्दा बढी समयदेखि एउटै कार्यालयमा कार्यरत तथा लामो समयदेखि आकर्षक मानिएका कार्यालयमा जिम्मेवारी सम्हाल्दै आएका कर्मचारीलाई सरुवा प्रक्रियामा समेटिएको हो।

एउटै कार्यालयमा लामो समयसम्म कर्मचारी कार्यरत रहँदा प्रभाव बढ्ने र एकाधिकार कायम हुने प्रवृत्तिलाई अन्त्य गर्न सरुवा गरिएको मन्त्रालयले जनाएको छ।

अर्थमन्त्री युवराज भट्टराईले एउटै कार्यालयमा लामो समयसम्म कर्मचारी बसिरहने प्रवृत्तिले वित्तीय सुशासनमा चुनौती सिर्जना गर्ने बताए । प्रशासनिक सुधार तथा वित्तीय अनुशासन कायम गर्न सरुवा प्रक्रिया अघि बढाइएको उनको भनाइ छ।

मन्त्रालयले यसअघि जनशक्ति




अभाव देखाउँदै एउटै कर्मचारीलाई तीनदेखि चारवटासम्म कार्यालयको लेखा जिम्मेवारी दिने अभ्याससमेत अन्त्य गरेको जनाएको छ । अब रिक्त स्थानमा 'एक कर्मचारी, एक कार्यालय' नीति कडाइका साथ कार्यान्वयन गरिने मन्त्रालयले जनाएको छ । अर्थ मन्त्रालय मातहत तथा अन्य निकायमा एकभन्दा बढी कार्यालयको जिम्मेवारी सम्हालिरहेका लेखा अधिकृत तथा कर्मचारीको समेत पुनरवलोकन गरी उनीहरूलाई एउटै कार्यालयको जिम्मेवारीमा सीमित गरिने भएको छ।

सरुवा भएका कर्मचारीले सात दिनभित्र साविक कार्यालयबाट रमाना लिएर नयाँ पदस्थापना भएको कार्यालयमा हाजिर हुनुपर्नेछ। तोकिएको समयभित्र रमाना नलिई साविक कार्यालयमै बस्ने कर्मचारीको खाता सञ्चालन अधिकार रोक्का गर्न प्रदेश कोष नियन्त्रक कार्यालयलाई निर्देशन दिइएको अर्थमन्त्री भट्टराईले बताए।

सरुवा भएका कर्मचारीको विवरण मन्त्रालयको आधिकारिक वेबसाइटमार्फत सार्वजनिक गर्ने तयारीसमेत गरिएको छ । यस कदमबाट प्रदेशको वित्तीय प्रशासनलाई थप पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउन सहयोग पुग्ने मन्त्रालयको विश्वास छ।

# गौशाला नगरपालिकाको १० लाख सहयोग

**मधेशदृष्टि**
**महोत्तरी।**
तिब्बतबाट रसुवा हुँदै आएको बाढीका कारण प्रभावित भएकाहरूको खोज, उद्धार तथा राहतका लागि महोत्तरीको गौशाला नगरपालिकाले आर्थिक सहयोग गर्ने घोषणा गरेको छ।

गौशाला नगरपालिकाले प्रभावितहरूको खोज, उद्धार तथा राहत वितरणका लागि प्रधानमन्त्री राहत कोषमा १० लाख रुपैयाँ जम्मा गर्ने निर्णय गरेको नगर प्रमुख डा. दिपेन्द्र महतोले जानकारी दिए।

नगरपालिकाको तर्फबाट १० लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरिएको उनले बताए।

नगर प्रमुख महतोले बाढी तथा अन्य सम्भावित जोखिमप्रति सजग रहन नदी किनार आसपास बसोबास गर्ने सर्वसाधारणलाई सतर्कता अपनाउनसमेत आग्रह गरेका छन्।

# वीरगंज हेल्थकेयरको १० लाख सहयोग




**मधेशदृष्टि**
**वीरगंज।**
रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि वीरगंज हेल्थकेयर अस्पतालका सञ्चालक तथा वरिष्ठ चिकित्सक डा. अबुल हैस अन्सारीले १० लाख रुपैयाँ आर्थिक सहयोग गरेका छन् । सामाजिक उत्तरदायित्वअन्तर्गत डा. अन्सारीले बाढीपीडितका लागि १० लाख रुपैयाँको चेक पर्सा क्षेत्र नम्बर १ का सांसद हरि पन्तलाई हस्तान्तरण गरेका हुन्।

बाढीका कारण विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति हुनुका साथै सयौँ परिवार प्रभावित भइरहेका बेला पीडितको राहत तथा उद्धारमा सहयोग पुगोस् भन्ने उद्देश्यले आर्थिक सहयोग गरिएको डा. अन्सारीले बताए । उनले बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको तत्काल राहत, उद्धार तथा पुनःस्थापनाका लागि सरकारी तथा गैरसरकारी निकायसँगै निजी क्षेत्र, व्यवसायी, सामाजिक संघसंस्था तथा आम नागरिकले समेत हातेमालो गर्नुपर्नेमा जोड दिए।

वीरगंज हेल्थ केयर अस्पतालले यसअघि पनि सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न सामाजिक तथा मानवीय गतिविधिमा सहयोग गर्दै आएको जनाइएको छ।

# भाजपाका विदेश विभाग प्रमुख चौथाइवालेद्वारा पशुपतिमा पूजा

**काठमाडौँ।**
भारतीय जनता पार्टी (भाजपा) का विदेश विभाग प्रमुख विजय चौथाइवालेले आराध्यदेव भगवान् पशुपतिनाथमा शुक्रबार विशेष पूजा, आराधना गरेका छन्।

नेता चौथाइवाले नेतृत्वको टोली शुक्रबार बिहान पशुपतिनाथ मन्दिरमा दुई हजार १०० रुपैयाँको सात वटा विशेष पूजाको रसिद काटेर विशेष पूजा, आराधना गरेको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का सदस्य रुपा शाही बास्तोलाले राससलाई जानकारी दिइन्।




चौथाइवालेको साथमा भारतका सांसद र पूर्वमन्त्री रविशङ्करप्रसाद सिंह पनि सहभागी भएका थिए। उनीहरुलाई पाल्पा जिल्ला निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य सन्दीप राना, कोष सञ्चालक परिषद् सदस्य बास्तोलालगायतले पशुपति क्षेत्रमा स्वागत गरेका थिए।

नेता चौथाइवाले नेतृत्वको समूहलाई आराध्यदेव भगवान् श्री पशुपतिनाथका मूल अर्चक गणेश भट्टले विशेष पूजा गराई टीका, प्रसाद लगाई दिएका थिए । चान्द्रमासअनुसार श्रावण महिनाको शुक्रबार अन्तिम दिनसम्म देश–विदेशका भक्तजनले पशुपतिनाथ मन्दिरमा विशेष पूजा, आराधना गर्ने गर्छन्।

# शवको तस्बिर हेरेर पहिचान गर्न 'डिस्प्ले बोर्ड'

**नारायणगढ।**
भोटेकोशी नदीमा आएको बाढीले बगाएर त्रिशूली तथा नारायणी नदीमा ल्याएका शवको तस्बिर खिचेर डिस्प्ले बोर्डमा राखिएको छ । डिस्प्ले बोर्डमा राखिएका तस्बिरका आधारमा अहिलेसम्म दुई शवको पहिचान भएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख एवं प्रहरी उपरीक्षक रामेश्वर पौडेलले जानकारी दिए।

उनका अनुसार बाँकेको कोहलपुर नगरपालिका–११ निवासी २३ वर्षीय कबिरलाल चौधरीको शव दाजु सुग्रिन थारूले पहिचान गरेका छन् । त्यसैगरी, रसुवाको प्रहरी चौकी बेत्रावतीमा कार्यरत तारकेश्वर नगरपालिका–४ नेवारपानी निवासी ४३ वर्षीय रामकाजी पौडेलको शव उनका दाजु सुवास पौडेलले सनाखत गरेको प्रहरी उपरीक्षक पौडेलले जानकारी दिए।

प्रहरी उपरीक्षक पौडेलका अनुसार हालसम्म बाढीका कारण त्रिशूली तथा नारायणी नदीमा १८६ शव भेटिएका छन्। 'भेटिएका शवको पहिचानका लागि सफाइ गरी तस्बिर खिचेर ट्यागसहित 'डेड बडी ब्याग'मा राखी शव व्यवस्थापन तथा पहिचान केन्द्रमा राखिएको छ। ती शवको तस्बिर केन्द्र नजिकै रहेको चितवन उद्योग सङ्घको परिसरमा राखिएको डिस्प्ले बोर्डमा राखिएको छ,' उनले भने । हाल २२ वटा शव व्यवस्थापन तथा पहिचान केन्द्रमा लगिएको जनाउँदै ४० भन्दा बढी शवको तस्बिर डिस्प्ले बोर्डमा



देखाइएको प्रहरी उपरीक्षक पौडेलले बताए । अन्य शवको भने भरतपुर अस्पतालमा सफाइ गरी तस्बिर खिच्ने काम भइरहेको उनले जानकारी दिए।

तस्बिर खिचिएका शवको डिस्प्ले गर्न सुरु गरिएकाले आफन्तले डिस्प्ले बोर्डमा तस्बिर हेरेर शव पहिचान गर्न सक्ने व्यवस्था मिलाइएको उनले बताए। ती शवको तस्बिर नेपाल प्रहरीको पोर्टलमा समेत राखिने र आफन्तले उपलब्ध गराएको मोबाइल नम्बरमा पठाइने उनले जानकारी दिए।

पहिचानका आधारमा शव बुझ्न आउने व्यक्तिको आधिकारिकता परिचयपत्रलगायत आवश्यक कागजातका आधारमा एकिन गरिने प्रहरी उपरीक्षक पौडेलले बताए । उनका अनुसार शव पहिचान भएपछि पुनः भरतपुर अस्पताल ल्याएर शव परीक्षण गरिनेछ।

- **फोरेन्सिक विज्ञको अभाव र गर्मीका कारण शव व्यवस्थापनमा समस्या**

त्रिशूली, नारायणी नदी तथा आसपासका क्षेत्रमा भोटेकोशी बाढीले बगाएर ल्याएका सङ्कलित शवको पहिचान र व्यवस्थापनमा भरतपुर अस्पतालमा गम्भीर चुनौती थपिएको छ । पर्याप्त फोरेन्सिक विज्ञको अभाव तथा चितवनको अत्यधिक गर्मी र ओसिलो (ह्युमिड) मौसमका कारण शव कुहिन थालेपछि व्यवस्थापनमा समस्या देखिएको भरतपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. विश्वबन्धु बगालेले जानकारी दिए।

मेसु डा. बगालेले यति धेरै शव सङ्कलन हुने पूर्वतयारी नरहेको बताउँदै जनशक्ति अभावका कारण अन्य अस्पतालसँग सहयोग मागिएको जानकारी दिए । उनले भने, 'हामीकहाँ फोरेन्सिक विज्ञको अभाव छ । हामीसँग पूर्वतयारी पनि थिएन। त्यसैले बाँकेको भेरी अस्पताल, नेपाल मेडिकल कलेज काठमाडौँ र स्थानीय मेडिकल कलेजहरूमा पत्राचार गरी फोरेन्सिक विज्ञ तथा सहयोगी कर्मचारी पठाइदिन अनुरोध गरेका छौँ । केही अस्पतालले जनशक्ति पठाइसक्नुभएको छ भने थप विज्ञहरू आउने क्रममा हुनुहुन्छ।'

मेसु डा. बगालेका अनुसार हाल दुईवटा टोली बनाएर शव परीक्षण तथा पहिचानको काम भइरहेको छ भने थप विज्ञहरू आएपछि टोली संख्या बढाएर कामलाई अझ तीव्र बनाइनेछ । उनले भने, 'मानिसको मृत्युपश्चात शरीरमा प्राकृतिक रूपमै परिवर्तनहरू सुरु हुन्छन्। त्यसमाथि चितवनको गर्मी र ओसिलो वातावरणका कारण 'डिकम्पोजिसन' (कुहिने क्रम) एकदमै तीव्रगतिमा भइरहेको छ । पूरै शवबाट पहिचान गर्न नसकिए पनि विज्ञद्वारा खिचिएका तस्बिर र विशेष पहिचान चिह्न (आइडेन्टिफिकेसन मार्क) हेरेर आफन्तले पहिचान गर्न सकून् भनेर हामीले यो प्रक्रियालाई छिटोभन्दा छिटो अगाडि बढाएका छौँ।'

अस्पतालमा बिरामीको चाप उच्च रहेको अवस्थामा यति धेरै शवको व्यवस्थापन गर्नु झनै चुनौतीपूर्ण रहेको मेसु डा. बगालेको भनाइ छ। उनले थपे, 'अस्पतालमा अन्य बिरामीको चाप पनि बढिरहेको छ। पीडित आफन्तहरू अस्पतालमा आउने भएकाले व्यवस्थापनमा गाह्रो हुने भएपछि पहिचान भएका शवलाई छुट्टै स्थानमा 'कुलिङ' वातावरण सृजना गरी राख्ने प्रयास गरिरहेका छौँ। सङ्क्रमण वा महामारी फैलिन नदिन अस्पताल प्रशासन अत्यन्त सजग छ र सम्पूर्ण टोली सतर्कताका साथ काममा खटिएको छ।'

हाल शव पहिचान केन्द्र रहेको स्थान र अस्पतालको परीक्षण गृह रहेको क्षेत्रमा सर्वसाधारणको आवतजावत रोकिएको छ भने दुर्गन्ध र सङ्क्रमण नियन्त्रणका लागि सम्भावित सबै उपाय अपनाइएको अस्पतालका मेसु डा. बगालेले बताए। रासस

# प्रधानमन्त्री शाहद्वारा एमएमए फाइटर रवीन्द्र ढाँटलाई बधाई



**काठमाडौँ।**
प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले रोड टु युएफसी सिजन–५ को सेमिफाइनलमा जित निकालेका नेपाली मिक्स मार्सल आर्ट्स (एमएमए) फाइटर रवीन्द्र ढाँटलाई बधाई तथा शुभकामना दिएका छन् । शुक्रबार बेलुका सामाजिक सञ्जालमार्फत उनले ढाँटलाई बधाई दिएका हुन्।

प्रधानमन्त्री शाहले नेपालमा आएको विपद्को अवस्थाबारे अन्तरराष्ट्रिय समुदायलाई जानकारी गराएकामा फाइटर ढाँटलाई धन्यवादसमेत दिए।

'नेपाली एमएमए खेलाडी रवीन्द्र ढाँटले 'रोड टु युएफसी सिजन–५' मा जित हासिल गर्दै फाइनलमा प्रवेश गर्नुभएकामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

नेपालमा आएको विपद्को अवस्थाबारे अन्तरराष्ट्रिय समुदायलाई जानकारी गराउनुभएकामा नेपाल सरकारको तर्फबाट उनलाई हार्दिक धन्यवाद,' प्रधानमन्त्री शाहले लेखेका छन्।

उनले अगाडि लेखेका छन्, 'उनको सफलता सम्पूर्ण नेपाली खेलप्रेमी तथा राष्ट्रकै लागि गौरवको विषय हो । सरकारको सम्पूर्ण ध्यान अहिले प्रभावित नागरिकमै केन्द्रित छ । मैदानको वास्तविक अवस्था बुझेर आवश्यक निर्णय गर्ने र स्रोतसाधन त्यहीअनुसार परिचालन गर्नेगरी हामी निरन्तर काम गरिरहेका छौँ।' रासस

# पृथ्वी राजमार्गमा शनिबार बिहानदेखि सवारी चल्ने

काठमाडौँ।
भोटेकोशी र त्रिशूली नदीमा आएको बाढीका कारण अवरुद्ध पृथ्वी राजमार्ग सञ्चालन भएको छ । काठमाडौँ उपत्यका ट्राफिक कार्यालयका अनुसार उक्त राजमार्गमा थुप्रिएको लेदो पन्छाएर शुक्रबार साँझदेखि बाटो सञ्चालन गरिएको हो।

कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक नरेशराज सुवेदीले सडक खुलेसँगै राजमार्गमा अलपत्र सवारीसाधन सुरक्षित गन्तव्यतर्फ पठाउन थालिएको जानकारी दिए। 'रातभर लामो समयदेखि राजमार्गमा अड्किएका सवारीसाधनलाई सुरक्षित स्थानतर्फ पठाइनेछ,' उनले भने।

नयाँ बसपार्क सञ्चालन गरेको लोत्से बहुउद्देश्यीय प्रालिका महाप्रबन्धक पङ्कज मल्लले शनिबार बिहानदेखि मात्र काठमाडौँबाट सार्वजनिक सवारीसाधन उपत्यका बाहिर पठाइने जानकारी दिए । रातभर राजमार्गमा अड्किएका सवारीसाधनलाई गन्तव्यस्थलमा पठाएर भोलि बिहानदेखि मात्र सवारी सञ्चालन गर्ने तयारी भइरहेको उनले बताए। रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन